

# ७ मृत्युपछि येशू ख्रीष्टको विजय

<u>यस अध्यायका मूल पदहरू:</u> मत्ती २७:६२-६६, यूहन्ना १०:१७,१८, मत्ती २७:५१-५३, यूहन्ना २०:११-२९ र १ कोरन्थी १५:५-८।

**<u>यस अध्यायको मूल सार पद:</u> "जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य र जीवितचाहिँ म नै हुँ। म मरेको थिएँ। हेर, म सदासर्वदाको निम्ति जीवित छु, अनि मृत्यु र पातालका साँचाहरू मसित छन्।" प्रकाश १:१७-१८।**

इसाई आस्थाको केन्द्रविन्दु नै येशूको पुनरुत्थान हो। पावलले यस विषयमा धेरै प्रभावकारीरूपमा व्यक्त गर्दछन्, "यदि मृतकहरूको पुनरुत्थान नहुने भए ता ख्रीष्ट पनि मृतकबाट जीवित पारिनुभएन। ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ। तब त ख्रीष्टमा सुतिगएकाहरू पनि नष्ट भएका छन्।" १ कोरन्थी १५:१६-१८। यसको बारेमा अझ विस्तृत छलफल अर्को अध्यायमा गर्नेछौं।

येशूको मृत्युमा पावलले जति जोड दिएतापनि र यो कतिको महत्त्वपूर्ण भएतापनि-"किनकि तिमीहरूसँग हुँदा येशू ख्रीष्ट र उहाँलाई क्रूसमा टाँगेका कुराबाहेक अरू केही नजान्ने नै मैले निश्चय गरेको थिएँ।" १ कोरन्थी २:२"-यदि उहाँको पुनरुत्थान भएन भने उहाँको मृत्युले हामीलाई केही फाइद दिँदैन। त्यसैकारणले, इसाई आस्था र मुक्तिको योजनाको निम्ति येशूको पुनरुत्थान अत्यन्तै निर्णायक विषय मान्नु पर्दछ।

यद्यपि, हामीलाई यो बुझ्न गाऱ्हो छ कि कतिपय धुरन्धर इसाई विद्वानहरूले येशूमा मरेकाहरू स्वर्गको रमाहतमा आनन्द मनाइरहेका छन् र

तिनीहरू प्रभुसँग घरमा छन् भनेर सिकाउँदछन्। यदि येशूको पुनरुत्थानको साथै हाम्रो पनि पुनरुत्थान हुने कुरो असाध्यै महत्त्व छ भने धर्मी मानिस मरेपछि सिधै स्वर्गमा जान्छ भन्ने प्रायजसो सबै इसाईहरूले (कतिपय अरू धर्महरूले पनि) सिकाइरहेको र प्रचार गरिरहेको ओचित्य के छ?

अरूहरूले जे विश्वास गरेतापनि वा सिकाएतापनि येशूको पुनरुत्थान र त्यसलाई विश्वास गर्ने चित्तबुझ्दो प्रमाण उहाँले दिनुभएको विषयमा यस अध्यायमा हामी हेर्नेछौं।

## १. टाँचा लगाइएको चिहान

क्रूसमा मर्नुभएपछि येशूको लक्ष्य पूरा भइसक्नुपर्दथ्यो (वा असफल पनि हुन सक्दथ्यो)। यहूदाले येशूलाई विश्वासघात गर्न उक्साएको काममा सैतान सफल भएको थियो (लूका २२:३,४, यूहन्ना १३:२६,२७)। यहूदी धर्मगुरुहरू र मूल पुरोहितलाई पनि येशूको मृत्युका माग गराउन सैतानले सफल भूमिका खेलेको थियो (मत्ती २६:५९, २७:२०)। येशूलाई पक्रेपछि उहाँका सबै चेलाहरू उहाँलाई छोडेर भागभाग भएका थिए (मत्ती २६:५६) र अझ चेलाहरूका प्रवक्ता पत्रुसले त झन तीन पल्ट येशूलाई चिनैकै छैन भनेर किरियानै खाएका थिए (मत्ती २६:६९-७५)। अब येशूलाई चट्टान फोडेर बनाएको चिहानमा राखिएको थियो र त्यस चिहानको मुख ठूलो चट्टानले ढाकेको थियो। येशूको लासमा कसैले गडबड नगरोस् भनेर तत्कालिन शक्तिशाली रोमी साम्राज्यको टाँचा लगाएको थियो र चिहानलाई सुरक्षित पार्न रोमी सिपाहीँहरूले पहरा दिइरहेका थिए (मत्ती २७:५७-६६), साथै अदृश्य दुष्ट आत्माहरूले पनि हेरिरहेका थिए। "यदि सकेको भए सैतानले येशूलाई सधैंभरि चिहानमै थुन्न चाहेको थियो।"एलेन जी ह्वाइट, *मान्युस्क्रिप्ट रिलिजेज,* ठेली १२, पृ. ४१२बाट रूपान्तरित।

आफ्नो सांसारिक सेवाकार्यमा येशूले आफ्नो मृत्युको बारेमामात्र होइन उहाँको पुनरुत्थानको बारेमा पनि मानिसहरूलाई सुनाउनुभएको थियो। पुर्विय भाषाको शैलीमा कुनै पनि दिनको भागलाई एक दिन नै भनिन्छ। त्यसकै अनुसार येशूले भन्नुभएको थियो जसरी योना तीन दिन तीन रात ठूलो माछाको पेटमा थिए त्यसरी नै पृथ्वीको मुटुमा मानिसको पुत्र पनि तीन दिन तीन रात रहनेछन् (मत्ती १२:३९,४०)। अर्को फेरा येशूले ठोकेरै भन्नुभएको थियो कि उहाँलाई मारिनेछ र तेस्रो दिनमा उहाँ फेरि बौरि उठ्नेछन् (मत्ती १६:२१,

१७:२२,२३, २०:१७-१९)। मूख्य पूजाहारीहरू र फरिसीहरूले उहाँको ती भनाइहरूको बारेमा सजग भएका थिए र उहाँको पुनरुत्थान नहोस् भनेर रोक्न तिनीहरूले कदम चालेका थिए।

**मत्ती २७:६२-६६ पढ्नुहोस्। त्यहाँ भएका क्रियाकलापहरूले पछि संसारलाई येशूको पुनरुत्थानको अझ बढी प्रमाण भएको कसरी देखाइएको थियो? हेर्नुहोस्, "६२ भोलिपल्ट, अर्थात् तयारीको दिनको भोलिपल्ट, मुख्य पूजाहारीहरू र फरिसीहरू पिलातसकहाँ भेला भए, ६३ र भने, "हजूर, हामीलाई याद छ, कि त्यस ठगाहाले जिउँदो छँदा, 'तीन दिनपछि म फेरि उठ्नेछु' भनेको थियो। ६४ यसकारण तेस्रो दिनसम्म त्यो चिहान सुरक्षित राख्नलाई हुकुम गर्नुहोस्, नत्रता त्यसका चेलाहरूले आएर त्यो चोरेर लैजालान्, र 'त्यो त मरेकोबाट जीवित भई उठ्यो' भनेर मानिसहरूलाई भन्नेछन्, र त्यो पछिल्लो धोका पहिलोभन्दा अझ नराम्रो हुनेछ।" ६५ पिलातसले तिनीहरूलाई भने, "तिमीहरूको आफ्नै पहरा छँदैछ। जाओ, तिमीहरूले सकेसम्म सुरक्षित राख।" ६६ तब तिनीहरूले गएर ढुङ्गामा मोहोर लाए, र पहरादारहरू खटाएर चिहान सुरक्षित राखे।" मत्ती २७:६२-६६।**

येशूलाई चिहानमा ताल्चा लगाएर उहाँले मृत्युमाथि विजय नगरुन् भन्ने सबै सुरक्षा नीतिहरू अपनाएका थिए। सैतानका दुष्ट स्वर्गदूतहरूले पनि सुरक्षा टोलीलाई साथ दिइरहेका थिए। चिहानलाई कसैले छुन नसकोस भनेर तत्कालिन विश्व साम्राज्यको टाँचा वा लालमोहर लगाइएको थियो। ती सबै सुरक्षा कदमहरू येशूको पुनरुत्थान कहिल्यै नहोस् भनेर चालिएको थियो।

येशूलाई चिहानमै राखिछोड्न चाहने मानिसहरूले येशूका आश्चर्य कामहरू सुनेका थिए र देखेका पनि थिए। तैपनि येशूको चिहानमा सुरक्षा फौज राखेर धेरै आश्चर्य काम गर्ने येशू पुनरुत्थान हुनबाट रोक्न तिनीहरूको कस्तो आँट! फेरि चिहानकै वरिपरि सुरक्षा फौज राख्नुको कारण के थियो त? चेलाहरूले येशूको शरीरलाई चोरेर उहाँ मृत्युबाट बौरि उठ्नुभयो भनेर दावी गर्लान भनेर रे! जब मानिसहरूले सोध्लान् पुनरुत्थान हुनुभएको येशू खोइ त? हाम्रो कुरोमात्र सुन भनेर ती पूजारी र धर्मगुरुहरूले भन्नेछन् रे!

अरू जेभएतापनि नभएतापनि ती यहूदी धर्मगुरु, फरिसी पण्डित र मूल पुजारीहरू येशूको मृत्युपछि पनि कति त्रसित भएका थिए भनेर तिनीहरूको चर्तिकलाले देखाएको थियो। तिनीहरू धर्मशास्त्रका विद्धानहरू थिए र भविष्यवाणीहरूप्रति पनि तिनीहरूको ज्ञान राम्रै थियो। त्यसैकारण तिनीहरूको

अन्तरविवेकमा येशूको पुनरुत्थान हुनेछ भन्ने कुरामा तिनीहरूलाई थाहा पाएकै कारण तिनीहरू डराएको हुनुपर्छ।

## २. "उहाँ त बौरि उठ्नुभयो!"

सैतान र उसका दुष्ट शक्तिहरूमाथि येशूले विजय पाउनुभयो भनेर क्रूसले देखाएको थियो भने रित्तो चिहानले त्यसलाई अनुमोदन गरेको थियो। "जब येशूलाई चिहानमा राखियो तब सैतानले आफू जित्यो भनेर खुशियाली मनाएको थियो। मुक्तिदाता जीवित नहोस् भन्ने सैतानले आशा गर्न आँट गरेको थियो। येशूको शरीरलाई दावी गरेर चिहानको वरिपरि सुरक्षा फौज राखेको थियो। उसले येशूलाई कैदी बनाउन खोजेको थियो। जब स्वर्गको दूत चिहानको ढोकामा उभिन्दा सैतानका दूतहरू भागेकोले तिनीहरूसँग ऊ असाध्यै रिसाएको थियो। जब येशू चिहानबाट विजयी भएर आउनुभयो तब उसलाई थाहा भयो कि उसको राज्य अव खतम भयो र आखिरमा उसको मृत्यु निश्चित थियो।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ७८२बाट रूपान्तरित। ख्रीष्टको मानवता मरेको थियो तर उहाँको ईश्वरीयता मरेको थिएन। उहाँ परमेश्वर हुनुभएकोले उहाँमा मृत्युको साङ्लालाई तोड्ने शक्ति थियो।

**देहायका पदहरू पढ्नुहोस्। येशूको पुनरुत्थानमा सिधै को समावेश भएका थिए? हेर्नुहोस्, "१ शबाथपछि, साताको पहिलो दिन रिमरिम उज्यालो हुँदा मरियम मग्दलिनी र अर्की मरियम चिहान हेर्न आए। २ ठूलो भूकम्प गयो, किनकि परमप्रभुका एउटा दूत स्वर्गबाट तल ओर्ले, र आएर ढुङ्गो हटाएर त्यसमाथि बसे। ३ तिनको रूप बिजुलीजस्तो र पोशाक हिउँजस्तो सेतो थियो। ४ तिनको डरले ती पहरादारहरू थरथर काँपे, र मरेतुल्य भए। ५ तर स्वर्गदूतले ती स्त्रीहरूलाई भने, "तिमीहरू नडराओ, किनभने मलाई थाहा छ, तिमीहरू क्रूसमा टाँगिनुभएको येशूलाई खोज्दैछौ। ६ उहाँ यहाँ हुनुहुन्न, किनकि उहाँले भन्नुभएबमोजिम उहाँ जीवित भई उठ्नुभएको छ। आओ, उहाँलाई राखिएको ठाउँ हेर।" मत्ती २८:१-६, "१७ पिताले मलाई यसैकारण प्रेम गर्नुहुन्छ, किनकि म आफ्नो प्राण फेरि फिर्ता लिने हेतुले अर्पण गर्छु। १८ कसैले मबाट मेरो प्राण लिन सक्दैन, तर म आफ्नै इच्छाले आफ्नो प्राण अर्पण गर्दछु। आफ्नो प्राण अर्पण गर्ने अधिकार मसित छ, अनि फेरि लिने अधिकार पनि मसित छ। यो आज्ञा मैले मेरा पिताबाट पाएको छु।" यूहन्ना १०:१७-१८ र "तर यदि येशूलाई मरेकाबाट जीवित पार्नुहुनेका आत्मा तिमीहरूमा वास**

**गर्नुहुन्छ भने, ख्रीष्ट येशूलाई मरेकाबाट जीवित पार्नुहुनेले नै तिमीहरूमा वास गर्नुहुने उहाँका आत्माद्वारा तिमीहरूका मरणशील शरीरलाई पनि जीवन दिनुहुनेछ।" रोमी ८:११।**

सामरिया-परियामा आफ्नो सेवाकालमा येशूले भन्नुभएको थियो कि आफ्नो जीवन विछ्याउन र त्यसलाई उठाउन शक्ति तथा अधिकार आफूसँग निहित भएको थियो (यूहन्ना १०:१७,१८)। मार्थालाई उहाँले भन्नुभएको थियो, "पुनरुत्थान र जीवन मै हुँ" (यूहन्ना ११::२५)। अरू अंशहरूमा उहाँको पुनरुत्थान परमेश्वरको काम थियो भनेर लेखिएको छ ( प्रेरित २:२४, रोमी ८:११, गलाती १:१, हिब्रू १३:२०)। परमेश्वरको शक्तिशाली स्वर्गदूत पनि त्यस महिमित घट्नामा समावेश भएका थिए।

फेरि त्यसैबखत, येशूको विरुद्धमा लागिरहन यहूदी धर्मका अगुवाहरूले मूर्ख र वेकारको प्रयास गरिरहेका थिए भनेर मत्ती २८:११-१५मा उल्लेख गरेको छ। चिहानमा जे जे भयो सो रोमी सुरक्षा फौजले ती धार्मिक अगुवाहरूलाई सुनाएका थिए (मत्ती २८:११)। त्यसको अर्थ ती सिपाहीँहरूले येशूको पुनरुत्थान भएको देखेका थिए। नभए जे जे भयो सो तिनीहरूले बताएको अर्थ के हो त? स्वर्गबाट स्वर्गदूत आए, चट्टानलाई हताए, अनि त्यसमाथि बसे। अनि ती सुरक्षा गर्ने सिपाहीँहरू मूर्च्छा भए। तिनीहरू अचेत भएको बेलामा स्वर्गदूतले वा चेलाहरूले येशूको शरीर लिएर गए वा कसैले चोऱ्यो भन्ने षडयन्त्रमूलक कुरा ती धर्मगुरुहरूले फैलाएका थिए। जे भएतापनि चिहानमा येशूको शरीर थिएन।

स्वर्गबाट स्वर्गदूत आउनु, डरले सिपाहीँहरू मुर्च्छा पर्नु र चिहान रित्तो हुनुको प्रमाणले ती धर्मगुरुहरू येशूप्रति नम्र हुनुपर्ने थियो। तर तिनीहरू झन कठोर भएर ती सिपाहीँहरूलाई धेरै पैसा घुस ख्वाएर चुप लगाउन दियो (मत्ती २८:१२)। तिनीहरूले घुस ख्वाउनुको अर्थ सिपाहीँहरूले तिनीहरूलाई जे जे भन्यो त्यसले तिनीहरूको दिमाग गहिरिरूपमा खलबलिएको थियो। ती सिपाहीँहरूले खास के भने त? येशूको पुनरुत्थान।

**कतिले भन्छन् कि येशूको पुनरुत्थान भएको देख्नेमा पहिलो रोमी सिपाहीँहरू थिए। किन? यसको खास अर्थ के हो त? के सुसमाचार अन्यजातिहरूमा प्रचार गरिनुपर्ने होइन त?**

## ३. उहाँसँग धेरै बौरि उठे

**"त्यसै घड़ी मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, र जमिन काँप्न लाग्यो, र चट्टानहरू फुटे। चिहानहरू उघारिए, र सुतिगएका धेरै सन्तहरूका मृत शरीर जीवित भई उठे, र तिनीहरू चिहानहरूबाट निस्के, र मृतकबाट येशूको पुनरुत्थान भएपछि तिनीहरू पवित्र सहरमा प्रवेश गरे र धेरैकहाँ देखा परे।" मत्ती २७:५१-५३। येशूको पुनरुत्थान र यसको उपलब्धी के भएको थियो भनेर यस अचम्मको विवरणले हामीलाई के सिकाउँदछ?**

येशूको मृत्यु भयो भनेर भूकम्पको चिन्हले देखाएको थियो (मत्ती २७:५०, ५१), उहाँको पुनरुत्थानमा अर्को चिन्ह भएको थियो (मत्ती २८:२)। जब येशू मर्नुभयो त्यही क्षण, "**मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, र जमिन काँप्न लाग्यो, र चट्टानहरू फुटे। चिहानहरू उघारिए, र सुतिगएका धेरै सन्तहरूका मृत शरीर जीवित भई उठे, र तिनीहरू चिहानहरूबाट निस्के, र मृतकबाट येशूको पुनरुत्थान भएपछि तिनीहरू पवित्र सहरमा प्रवेश गरे र धेरैकहाँ देखा परे।" मत्ती २७:५१-५३।** ती सन्तहरू महिमित भएर पुनरुत्थान भएका थिए। तिनीहरू येशूको पुनरुत्थानको गवाही भएका थिए। येशूको दोस्रो आगमनमा हुने पुनरुत्थान कसरी हुन्छ भनेर तिनीहरूको पुनरुत्थानले देखाएको थियो। येशूको पुनरुत्थानपछि धेरै यहूदीहरूलाई उहाँको पुनरुत्थानको प्रमाण प्रभावकारीरूपमा दिएका थिए ताकि तिनीहरूले उहाँको पुनरुत्थानलाई विश्वास गरुन् र उहाँलाई मुक्तिदाता भनेर तिनीहरूले ग्रहण गरुन्। पूजारीहरूसमेत गरेर धेरैले उहाँलाई विश्वास गर्न पुगेका थिए (प्रेरित ६:७)।

"आफ्नो सेवाकालमा येशूले मरेकाहरूलाई जीवन दिनुभएको थियो। उहाँले नाइन सहरको विधवीको छोरालाई बौरीउठाउनुभएको थियो, र यहूदी सभाघरको अध्यक्षकी छोरी र लाजरसलाई पनि बौरीउठाउनुभएको थियो। तर तिनीहरू अविनाशी शरीर लिएर बौरी उठेका थिएनन्। तर जब येशूको पुनरुत्थानपछि चिहानबाट उठेका मानिसहरू अनन्त जीवनको निम्ति पुनरुत्थान भएका थिए। येशूले मृत्यु र चिहानलाई जित्नुभयो भनेर तिनीहरू उहाँको पुरस्कारस्वरूप स्वर्गमा गएका थिए।.....तिनीहरू सहरमा गएर धेरैकहाँ देखा परेका थिए। ख्रीष्टको पुनरुत्थान भयो र उहाँसँगै तिनीहरूको पनि पुनरुत्थान भयो भनेर तिनीहरूले घोषणा गरेका थिए। यसरी पुनरुत्थानको पवित्र सत्यले

अमरत्व प्राप्त गरेको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ७८६बाट रूपान्तरित।

मानवीयताको आधारमा भन्ने हो भने मूख्य पूजारीहरू र यहूदी धर्मका अगुवाहरूमा धेरै फाइदाहरू थिए। तिनीहरूमा राष्ट्रको धार्मिक अधिकारको शक्ति थियो। तिनीहरू रोमी प्रशासकहरू र आमजनतालाई आफ्नो षडयन्त्रमा समावेश गर्न सफल भएका थिए। तर तिनीहरूले एउटा कुरोचाहिँ विर्से कि " मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ।" दानिएल ४:३२। पुनरुत्थान भएका सन्तहरूले ती पुजारी र यहूदी धर्मका अगुवाहरू कति झुटा रहेछन् र तिनीहरूको ज्ञान पनि कतिको बेकार रहेछन् भने देखाएका थिए।

**यस पतित संसारमा हामी बाँचीरहेका छौं र संघर्ष गरिरहेकाछौं। यद्यपि जतिसुकै कामकुरो आदि खराब भएतापनि अन्तमा आएर परमेश्वरले नै जित्नुहुनेछ भन्ने कुरोमा हामी कसरी ढुक्क हुने?**

## ४. पुनरुत्थान हुनुभएको येशूलाई देख्नेहरूको साक्षीहरू

**जब चेलाहरूले पुनरुत्थान हुनुभएको येशूलाई भेट्नेबित्तिक्कै तिनीहरूको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस्, "१ हप्ताको पहिलो दिन बिहान अँध्यारो छँदै मरियम मग्दलिनी चिहानमा आइन्, र तिनले ढुङ्गा चिहानबाट हटाइएको देखिन्। २ तिनी सिमोन पत्रुस र येशूले माया गर्नुहुने अर्को चेलाकहाँ दगुरेर गइन्, र तिनीहरूलाई भनिन्, "तिनीहरूले प्रभुलाई चिहानबाट बाहिर लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, सो हामी जान्दैनौं।" ३ तब पत्रुस र अर्को चेला बाहिर निस्केर चिहानतिर गए। ४ ती दुवै सँगसँगै दगुरे, तर अर्को चेला पत्रुसलाई उछिनेर चिहानमा अगाडि आइपुग्यो। ५ चिहानभित्र निहुरेर हेर्दा, तिनले अघि बेह्रेका सूती कपड़ाहरू मात्र पड़िरहेका देखे, तर तिनी भित्र पसेनन्। ६ सिमोन पत्रुस त्यसको पछिपछि आए, र चिहानभित्र पसे, अनि तिनले पनि मलमलका बेह्रने कपड़ाहरू मात्र त्यसै पड़िरहेका देखे। ७ उहाँको शिरमा बाँधिएको रूमालचाहिँ मलमलका कपड़ाहरूसँग थिएन, तर अलग्गै एक ठाउँमा पट्याएर राखिएको थियो। ८ तब चिहानमा पहिले आइपुग्ने अर्को चेला पनि भित्र पसे, र त्यो देखेर तिनले विश्वास गरे। ९ किनभने तिनीहरूले उहाँ मृतकबाट जीवित भई उठ्नुपर्छ भन्ने धर्मशास्त्रको वचन अहिलेसम्म बुझेका थिएनन्। १० त्यसपछि ती चेलाहरू आफ्ना घर फर्के। ११ तर मरियम चिहान बाहिर रुँदै**

उभिरहेकी थिइन्। तिनले रुँदै चिहानतिर निहुरेर हेरिन्, १२ र जहाँ येशूको मृत शरीर राखिएको थियो, त्यहाँ सेता वस्त्र लाएका दुई स्वर्गदूतहरूलाई, एक जना शिरतिर र अर्को पाउतिर बसिरहेका तिनले देखिन्। १३ उनीहरूले तिनलाई भने, "नारी, किन रुन्छ्यौ?" तिनले उनीहरूलाई भनिन्, "तिनीहरूले मेरा प्रभुलाई लगेछन्, र उहाँलाई कहाँ राखेका छन्, म जान्दिनँ।" १४ यी कुरा भनेर तिनी पछिल्तिर फर्किन्, र तिनले येशूलाई उभिरहनुभएको देखिन्, तर येशू नै हुनुहुन्छ भनी चिनिनन्। १५ येशूले तिनलाई भन्नुभयो, "नारी, तिमी किन रुँदैछ्यौ? कसलाई खोज्छ्यौ?"तिनले उहाँलाई माली भन्ठानेर भनिन्, "हजूर, तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको भए, कहाँ राख्नुभएको छ मलाई भन्नुहोस्, र म उहाँलाई लैजानेछु।" १६ येशूले तिनलाई भन्नुभयो, "मरियम!"

तिनले फर्केर उहाँलाई हिब्रूमा भनिन्, "रब्बोनी," अर्थात् "हे गुरुज्यू!" १७ येशूले तिनलाई भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ। तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'मेरा पिता र तिमीहरूका पिता, र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु'।" १८ मरियम मग्दलिनी गइन्, र चेलाहरूलाई सुनाइन्, "मैले प्रभुलाई देखें।" अनि उहाँले भन्नुभएका कुरा तिनीहरूलाई तिनले भनिदिइन्। १९ त्यही दिन, अर्थात् हप्ताको पहिलो दिनको साँझ, जब यहूदीहरूको डरले चेलाहरू ढोकाहरू बन्द गरेर भित्र बसेका थिए, येशू आएर तिनीहरूका माझमा उभिनुभयो, र तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति!" २० यति भनेर उहाँले तिनीहरूलाई आफ्ना हात र कोखा पनि देखाउनुभयो। प्रभुलाई देखेर चेलाहरू अति खुशी भए। २१ तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।" २२ अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ। २३ जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन। २४ येशू आउनुहुँदा बाह्र जनामध्ये एक जना, दिदुमस भन्ने थोमाचाहिँ, तिनीहरूसँग थिएनन्। २५ यसकारण अरू चेलाहरूले तिनलाई भने, "हामीले प्रभुलाई देख्यौं।" तर तिनले उनीहरूलाई भने, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औंला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।" २६ आठ दिनपछि उहाँका चेलाहरू फेरि घरभित्रै थिए। थोमा पनि तिनीहरूसँग थिए। ढोकाहरू बन्द थिए, तर येशू भित्र प्रवेश गर्नुभयो, र माझमा उभिएर भन्नुभयो,

"तिमीहरूलाई शान्ति!" २७ तब उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ।" २८ थोमाले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्वर!"

२९ येशूले तिनलाई भन्नुभयो, "तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।" ३० येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। ३१ तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्।" यूहन्ना २० र "३मैले जे पाएँ त्यसैलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति मर्नुभयो। ४ उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो। ५ उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो। ६ त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन्। ७ त्यसपछि याकूब र सबै प्रेरितहरूकहाँ उहाँ देखा पर्नुभयो। ८ सबैभन्दा अन्त्यमा असमयमा जन्मेको मानिसकहाँ जस्तो मकहाँ पनि उहाँ देखा पर्नुभयो।" १ कोरन्थी १५:३-८।

रित्तो चिहानतिर उभिरहेका दुई स्वर्गदूतहरूले मेरी मग्दलिन र अरू स्त्रीहरूलाई येशू पुनरुत्थान हुनुभयो भनेर सुनाएका थिए (मत्ती २८:१, ५-७, मर्कूस १६:१-७, लूका २४:१-११)। अनि येशू आफै तिनीहरूकहाँ देखा पर्नुभयो र उहाँलाई ढोगे (मत्ती २८:१,९,१०, यूहन्ना २०:१४-१८)। उहाँ पत्रुसकहाँ पनि देखा पर्नुभयो (लूका २४:३४, १ कोरन्थी १५:५) र इम्मायुसको बाटोमा गइरहेका दुई चेलाहरूकहाँ पनि उहाँ देखा पर्नुभयो। जब उहाँले तिनीहरूसँग बोल्दै हुनुहुन्थ्यो तब तिनीहरूको हृदय दनदन जलिरहेको थियो (मर्कूस १६:१२, लूका २४:१३-३५)। जब चेलाहरू जम्मा भएको बन्द कोठामा येशू अचानक देखापर्नुभयो तब सुरुमा तिनीहरूको सातोपुत्लो गयो र तर्सिए। तर जब तिनीहरूले येशूलाई नै देखेको थाहा पाए तब तिनीहरू आनन्द र खुशीले गदगद भए। उहाँको उपस्थितिले तिनीहरू सबैलाई चकित पारेको थियो (लूका २४:३३-४९, यूहन्ना २०:१९-२३)। एक हप्ता पछि बन्द कोठाभित्र ढोकै नखोलि येशू चेलाहरूकहाँ फेरि देखा पर्नुभयो। सुरुमा त

थोमाले येशूको पुनरुत्थान भयो भनेर विश्वास गरेका थिएनन् तर पछि उनले पनि विश्वास गरे (यूहन्ना २०:२४-२९)।

पुनरुत्थान र येशू स्वर्गमा उक्लिनुभन्दा पहिले चालिस दिनको दौरानमा उहाँ पाँचसय विश्वासीहरूको बीचमा एकै चोटी देखा पर्नुभएको थियो (१ कोरन्थी १५:१६) र पछि याकूबकहाँ पनि (१ कोरन्थी १५:७)। एक दिन बिहान गलिल समुद्रको छेऊमा चेलाहरूसँग मिलेर खानपान गर्नुभएको थियो। त्यसपछि पत्रुससँग विशेष वार्तालाव गर्नु भएको थियो (यूहन्ना २१:१-२३)। अरू समयमा पनि येशू देखा पर्नुभएको हुनसक्छ (प्रेरित १:३)। अन्तमा उहाँ स्वर्गमा उक्लिनुभन्दा अघि अन्तिम पटक चेलाहरूकहाँ देखा पर्नुभएको थियो (लूका २४:५०-५३, प्रेरित १:१-११)। पावल पनि पुनरुत्थान हुनुभएको येशूको प्रतक्ष्यदर्शी भनेर दावी गर्छन्। दमस्कसको बाटोमा उहाँ पावलकहाँ देखा पर्नुभएको थियो (१ कोरन्थी १५:८, प्रेरित ९:१-९)।

जब पहिलो पल्ट चेलाहरूकहाँ येशू देखा पर्नुभएको थियो, तब त्यसबेला थोमा तिनीहरूसँग थिएन। जब तिनीहरूले उनलाई हामीले प्रभुलाई देख्यौं भनेर सुनाउँदा उनको प्रतिक्रिया यस्तो थियो, "२५ यसकारण अरू चेलाहरूले तिनलाई भने, “हामीले प्रभुलाई देख्यौं।” तर तिनले उनीहरूलाई भने, “जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औँला हाल्दिनँ, उहाँको कोखामा मेरो हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।” यूहन्ना २०:२५। (अचम्म, अदृश्यमा थोमाले भनेको कुरा येशूले सुनिरहनुभएको थियो, अर्थात् जहाँ जहाँ उहाँको नाउँ जुनसुकै नियतले लिएतापनि त्यहाँ उहाँ हुनुहुँदो रहेछ-अनुवादक)। एक हप्ता पछि जब येशू चेलाहरूकहाँ फेरि देखा पर्नुभयो तब थोमा तिनीहरूकोसाथमा थिए। त्यसबेला येशूले उनलाई भन्नुभयो, “तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्वासी होऊ।” यूहन्ना २०:२७। अनि थोमाले स्वीकार्दछ, "२८ “मेरा प्रभु, र मेरा परमेश्वर!”

२९ येशूले तिनलाई भन्नुभयो, “तिमीले मलाई देखेको कारणले ममाथि विश्वास गरेका हौ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्।” यूहन्ना २०:२८-२९।

"नदेख्नेहरूले पनि विश्वास गर्नेहरू धन्य हुन्।" पुनरुत्थान हुनुभएको येशूलाई तपाईंले नदेखेतापनि उहाँमाथि तपाईंको विश्वासका आधारहरू के के छन्?

## ५. येशूमा मर्नेहरूको अगौटे फल

व्यवस्था २६:१-११को परिवेशमा पावलले १ कोरन्थी १५:२०मा उल्लेख गरिएको "वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ।" भनेर पावलले भन्नुको अर्थ के हो? हेर्नुहोस् व्यवस्था २६:१-११, "१ परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूको निज अधिकारमा दिनुहुने देशमा पुगेर त्यसलाई अधिकार गरी त्यसमा बसोबास गरेपछि २ परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई दिनुहुने देशको भूमिबाट उब्जने सबै किसिमका उब्जनीको अगौटे फल एउटा डालोमा हालेर परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो नाउँ राख्नलाई छान्नुहुने ठाउँमा लैजाओ, ३ र त्यस बेला तत्कालीन पूजाहारीलाई भन, "उहाँले हामीलाई दिन्छु भनी हाम्रा पिता-पुर्खाहरूसँग प्रतिज्ञा गर्नुभएको देशमा म आइपुगें भनी परमप्रभु तपाईंका परमेश्वरको अगि म स्वीकार गर्छु।" ४ तब पूजाहारीले तिमीहरूका हातबाट त्यो डालो लिएर परमप्रभु तिमीहरूका परमेश्वरका वेदीको अगि तिनले राखिदिनेछन्। ५ तब तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने यसो भन्नू: "मेरा पुर्खा फिरन्ते अरामी थिए। उनी आफ्नो सानो परिवारसँग मिश्रमा गई प्रवास गरे। अनि त्यहाँ उनीबाट एक महान्, सामर्थी र असंख्य जाति उत्पन्न भयो। ६ तर मिश्रीहरूले निष्ठुर व्यवहार गरेर हामीलाई दु:ख दिए, र कठोर दासत्वमा राखे। ७ तब हामीले परमप्रभु हाम्रा पुर्खाका परमेश्वरलाई पुकारा गर्‍यौं, र उहाँले हाम्रो सोर सुन्नुभयो र हाम्रा पीडा, कठिन श्रम र हामीमाथि भएको अत्याचारलाई देख्नुभयो। ८ यसकारण परमप्रभुले हामीलाई आफ्नो प्रतापी हात र फैलिएको पाखुराले ठूलो आतङ्क, आश्चर्य चिन्ह र अचम्मका कामहरू देखाएर मिश्रबाट निकालेर ल्याउनुभयो। ९ उहाँले हामीलाई यस ठाउँमा ल्याएर यो दूध र मह बहने देश दिनुभयो। १० अब हे परमप्रभु, मलाई दिनुभएको भूमिका अगौटे फल मैले तपाईंकहाँ ल्याएको छु।" परमप्रभु तिमीहरूका परमेश्वरको सामुन्ने त्यो डालो राखेर उहाँलाई दण्डवत् गर्नू। ११ तब जति असल-असल थोक परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई र

**तिमीहरूका परिवारलाई दिनुभएको छ, ती सबका निम्ति तिमीहरू, लेवीहरू र तिमीहरूसित बस्ने परदेशीहरूले पनि आनन्द मनाऊन्।"**

पौराणिक कृषीप्रधान देश इस्राएलमा अगौटे फलमा गहिरो धार्मिक महत्त्व भएको मानिन्छ। परमेश्वर उदार र अनुग्रही हुनुभएर खेतबारीका फसलहरू उपलब्ध गराउनुभएको हो भनेर पवित्र मनले ती अगौटे फलहरू मन्दिरमा ल्याउँथे। परमेश्वरले दिनुभएको भूमिको रेखदेख गर्ने, खेतबारीमा अन्न बालीहरू लगाउने र कटानी जिम्मा आफ्ना जनहरूलाई उहाँले दिनुभएको थियो (प्रस्थान २३:१९, प्रस्थान ३४:२६, लेबी २:११-१६, व्यवस्था २६:१-११)। अगौटे फलले बाली काट्ने बेलामामात्र भएको देखाएको थिएन तर बालिको गुणस्तरलाई पनि देखाउँथ्यो।

इसाई लेखक वेन ग्रुडेमको भनाइ अनुसार "येशूलाई 'अगौटे फलहरू' भनेर (**ग्रीक** भाषामा आपार्चे aparche) पावलले कृषीको शब्दलाई प्रयोग गर्नुको अर्थ हामी येशू जस्तै हुनुपर्छ भनेर भन्न खोजेका थिए। जब पहिलो फल वा पहिलो फलको स्वादले बाँकि अन्न पाकेको भनेर देखाउँछ, त्यसरी नै येशू पहिलो फल हुनुभएर हाम्रा पुनरुत्थान भएका शरीरहरू कस्तो हुनेछ भनेर देखाउँछ। परमेश्वरले गर्नुहुने अन्तिम कटानीमा उहाँले हामीलाई मृत्युबाट पुनरुत्थान गरेर उहाँको सम्मुखमा हामीलाई टक्राउनुहुनेछ।"-*सिस्टमाटिक थियोलोजी,* मिशिगन, ग्रान्डः जोन्डरभान, १९९४, पृ. ६१५बाट रूपान्तरित।

येशू चिहानबाट महिमित अविनाशी शरीर लिएर आउनुभएको थियो भन्ने कुरा हामीले याद गर्नु जरुरी छ। तैपनि उहाँले क्रूसका चिन्हहरू अझै बोकिरहनुभएको थियो (यूहन्ना २०:२०,२७)। त्यसको अर्थ के परमेश्वरका पुनरुत्थान भएका सन्तानहरूमा पनि दुःखकष्टका घाऊहरूको चिन्हहरू हुनेछन् त? के पावलको महिमित शरीरमा उनमा भएको शरीरमा भएको काँडा (२ कोरन्थी १२:७) र येशूका चिन्हहरू (गलाती ६:१७) उनमा भइरहनेछन् त?

नमरुञ्जेल पावलले "येशूको महिमाको चिन्ह सधैं बोकिरहनुपर्दथ्यो। जब दर्शनमा येशूको ज्योति पर्‍यो तब उनको आँखामा चोत परेको थियो। त्यो चोत उनमा कहिल्यै पनि निको भएको थिएन (प्रेरित ९:१-९)।"एलेन जी ह्वाइट, *द स्टोरी अभ रिडेम्पशन,* पृ. २७५बाट रूपान्तरित। त्यसको अर्थ यो होइन कि अविनाशी शरीरमा पुरुत्थान हुनेहरूमा आआफ्नो दुःखकष्टको दागहरू हुनेछन् भनेको होइन (१ कोरन्थी १५:५०-५४)। तर येशूको मामिलामाचाहिँ "निष्ठुरताको दाग अनन्तसम्म राखिरहनुहुनेछ। उहाँमा भएको किलाहरूको

प्रत्येक दागले मानिसको अचम्मको मुक्तिको कथा भन्नेछ र पापबाट उसको छुटकाराको निम्ति कस्तो महङ्गो पैसा तिरेर किनेको रहेछ भनेर देखाउनेछ।"- एलेन जी ह्वाइट, अर्ली राइटिङ्गस, पृ. १७९बाट रूपान्तरित। हामीमा हुने सबै दागहरू सदाको निम्ति हट्नेछन् भनेर प्रस्तुत गर्ने कबुल नै उहाँमा भएका दागहरू हुन्।

**क्रूसको दागहरू येशूमा सदासर्वदा हुनेछन्। यसले हामीप्रति परमेश्वरको प्रेमलाई कसरी प्रकट गर्दछ? हामीलाई मुक्ति दिन कस्तो मोल तिरिएको थियो? त्रीएक परमेश्वरले हामीलाई मुक्ति दिन कस्तो लगानी गर्नुभयो भनेर त्यसले कसरी देखाउँदछ?**

## उपसंहारः

**थप जानकारीः एलेन जी ह्वाइटः *द डिजाएर अभ एजेज,* पृ. ७६९-७७८को "इन जोसेफ्स टुम्ब," पृ. ७७९-७८७को "द लर्ड इज रिजन," पृ. ७८८-७९४को "ह्वाइ विपेस्ट दाउ?," पृ. ७९५-८०१को "द वाक टु इम्मायुस," र पृ. ८०२-८०८को "पिस बी अन्टु यु।"**

पुनरुत्थान जस्तोको बारेमा आजभोलीका मानिसहरूले त्यति विश्वास गर्दैनन्। तैपनि ऐतिहासिक प्रमाण बलियो भएकोले पुनरुत्थानको वास्तविकतालाई विश्वास नगर्नेहरूले पनि येशूको पुनरुत्थान भएको थियो भनेर मानिसहरूले देखेका थिए भनेर विश्वास गर्न कर लागेको हुन्छ। पुनरुत्थानको विरोध गर्ने बुद्धिजीवि भनाउँदाहरूले अनेकन तर्क गरेर येशूको पुनरुत्थानलाई देख्नेहरूको बारेमा आआफ्नै पाराले व्याख्या गर्न खोज्छन्।

कतिपयले येशूको पुनरुत्थानको बारेमा चेलाहरूलाई भ्रममा पारेको मात्रै हो भनेर तर्क गर्छन्। अझ कतिपयले तर येशू मूर्छाँमात्र पर्नुभएको थियो उहाँलाई क्रूसबाट झार्दा उहाँका चेलाहरूले उहाँ बोरि उठ्नुभएको भनेर सोचेका थिए भनेर तर्क गर्छन्। विश्वास गर्ने कि नगर्ने, येशूको जुम्ल्याहा भाइ थियो रे, उनलाई देख्दा येशू नै देखेका थिए भनेर चेलाहरूले दावी गरेका थिए रे! अर्को शब्दहरूमा भन्ने हो भन येशूको पुनरुत्थानको बारेमा ऐतिहासिक प्रमाण यस्तो बलियो छ कि उहाँको पुनरुत्थानलाई अस्वीकार गर्नेहरूले अनेकौं तर्कहरू आविश्कार गर्न कोशिश गर्छन्। हाम्रो निम्ति येशूको पुनरुत्थान अति महत्त्व भएकोले बाइबलमा दिएका असल कारणहरूले हामीलाई छक्क पार्नुहुन्न।

"अब सिद्धियो" भन्ने क्रूसबाट आएको आवाजले मरेकाहरूले सुनेका थिए। उहाँको त्यो आवाजले चिहानहरूका पर्खाल वा ढकनीहरू छेडेको थियो, र सुतेकाहरू उठ भनेर अऱ्हाएको थियो। यसरी नै जब येशू आउनु हुन्छ तब उहाँको आवाज स्वर्गबाटै सुनिनेछ। त्यस आवाजले सबै चिहानहरूका पत्थरहरू छेडिनेछ र येशूमा मरेकाहरू बौरि उठ्नेछन्। येशूको पुनरुत्थानमा केवल केही चिहानहरूमात्र खोलिएको थियो, तर उहाँको दोस्रो आगमनमा सारा बहुमूल्य मरेकाहरूले उहाँको आवाज सुन्नेछन् र तिनीहरू महिमित र अमर जीवनको निम्ति पुनरुत्थान हुनेछन्। जुन शक्तिले येशूलाई मृत्युबाट बोरि उठाइयो, त्यही आवाजले चर्चलाई पनि उहाँले उठाउनुहुनेछ, र उहाँसँगै महिमित हुनेछ। सारा शासकहरूभन्दा पनि माथि, सारा शक्तिहरूभन्दा पनि माथि र मान गरिएका सबै नाउँहरूभन्दा पनि माथि जुन यस संसारको मात्रै होइन आउने संसारको पनि उहाँको चर्चलाई उहाँले उचाल्नुहुनेछ।"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. ७८७बाट रूपान्तरित।

**चिन्तनमनन:**


**अ. "अब सिद्धियो" (यूहन्ना १९:३०) र "उहाँ बौरी उठ्नुभयो" (मत्ती २८:६) भन्ने यी दुई उच्चारणहरू छन् जुन अत्यन्तै अर्थपूर्ण छन्। तिनीहरू जस्तो निर्णायक वाक्यहरू कहिल्यै पनि उच्चारण गरेका थिएनन्। मुक्तिको इतिहासमा ती वाक्यहरू एक आपसमा कसरी परिपूरक छन्? ती वाक्यहरूमा हाम्रो निम्ति के महान् आशा लुकिएको छ?**

**आ. धार्मिक अगुवाहरूले पहिले त चिहानलाई सुरक्षा गर्न सुरक्षा सिपाहींहरूको माग गरेका थिए किनकि चेलाहरूले येशूको शरीर चोरेर लैजाला भन्ने तिनीहरूको डर थियो। पछि ती रोमी सिपाहींहरूलाई ठूलो धनराशी घुस ख्वाएर चेलाहरूले येशूको शरीरलाई चोरेर लगे भन्न लगाए। तर येशूको रित्तो चिहानको बारेमा त्यस विवरणले त्यसको वास्तविकतालाई कसरी प्रकट गर्दछ, र हमी येशूका भक्तहरूको निम्ति रित्तो चिहान किन धेरै महत्त्वपूर्ण छ?**

## कथा ७

## विश्वलाई परिवर्तन गर्ने सोलोमन

## सोलोमन, पापुवा न्यु गिनी




आफुलाई बाइबल राम्रैसँग जानेको भनेर सोलोमनले सोचेका थिए। पापुवा न्यु गिनीको गाउँको चर्चमा प्रचारकले बाइबलबाट पढेको उसले सुनेका थिए। बाइबलमा बताइएकै अनुसार स्वर्गको परमेश्वरलाई उनले विश्वास गरेका थिए। तर उनी आफैले बाइबलचाहीँ पढेको थिएन।

एक दिन सोलोमन रहेको पहाडको गाउँमा एक जना सेभेन्थ-डे एडभेन्टिस्ट सुसमाचार प्रचारक आएका थिए र उले सोलोमनलाई एउटा सेतो खोल भएको पुस्तक उपहार दिए। त्यस पुस्तकको शिर्षक थियो, "*वर्ल्ड चेन्जरस् बाइबल*" अर्थात् विश्वलाई परिवर्तन गर्ने बाइबल। "तपाईंको गाउँमा परमेश्वरको वचन सुनाउन आएको हुँ," त्यस प्रचारकले सोलोमनलाई बताए।

अब आफ्नै बाइबल भएकोमा सोलोमन खुशी भएका थिए। बाइबलको नाउँले उनमा उत्सुकता जगायोः संसारलाई परिवर्तन गर्ने बाइबल। संसारलाई परिवर्तन गर्नु भनेको के रहेछ भनेर उनले सोचे। उनले ध्यान दिएर बाइबल अध्ययन गर्न थाले। यो नयाँ लिभिङ्ग ट्रान्सलेशन थियो। त्यसमा भएका शब्दहरू सजिलैसँग पढ्न र बुझ्न सकिने उनले थाहा पाए। यो उनको निम्ति खुशीको कुरो थियो। उनी २० वर्षका थिए। उनको उमेर भएका अरू गाउँका धेरै केटाहरू स्कूल जान्थे।

बाइबलप्रति चासो देखाएकोले प्रचारकले बाइबल अध्ययन समूहमा सामेल हुन निम्तो दिए। "हामी १५ कि २० मिनेट बाइबल अध्ययन गर्छौं। त्यसबेला हामीले येशूको बारेमा पढ्नेछौं," प्रचारकले सुनाए।

जब सोलोमन पहिलो पल्ट बाइबल अध्ययन समूहमा गए तब प्रचारकले सोलोमनलाई मर्कूस १ पढ्न अऱ्हाए। तर बाइबल पल्टाउनुभन्दा पहिला प्रचारकले प्रार्थना गरे, "परमेश्वर पिता, हामीलाई अगुवाइ गर्नुहोस्। धन्यवाद।"

प्रार्थना पछि उनले सोलोमनलाई मर्कूस एक अध्याय पढ्न अऱ्हाए। त्यहाँ उनले बप्तिस्मा दिने प्रचारक यूहन्नाको बारेमा पढे। उनी उँटको

कपालको लुगा लगाएका थिए र जङ्गली मौरीका महहरू खान्थे। उनले यर्दन नदीमा येशूलाई बप्तिस्मा दिएका थिए। जब उनले पढी सिध्याए तब प्रचारकले अर्को सहभागीलाई त्यही अध्याय पढ्न अऱ्हाए। त्यसपछि प्रचारकले अर्कोलाई बाइबल नपढी उनले सुनेको कथा बताउन अनुरोध गरे। अनि त्यस कथाको बारेमा छलफल गर्न प्रचारकले तिनीहरूलाई सुनाए। "तपाईंहरूको निम्ति त्यहाँ के नयाँ कुरो थियो," उनले सोधे।

छलफल पछि प्रचारकले सोलोमन र अरूहरूलाई त्यस कथामा तिनीहरूले के अचम्मको कुरो पढे र केही कुरो नबुझेको छ कि भनेर सोधे। अनि प्रचारकले त्यस कथामा केही छ कि तिनीहरूले आफ्नो जीवनमा पालन गरेर लागु गर्न सक्न सकिन्छ। येशूले बप्तिस्मा लिनुभएकोले बप्तिस्मा लिनु खाँचो छ भनेर एक जनाले सुनाए।

जब त्यस दिन बाइबल अध्ययनको समय सकिएको थियो, तब प्रचारकले तिनीहरूलाई सोधे, "यो हप्ताभरीमा यस कथामा के छ कि अरूलाई सुनाउन सकिन्छ?" अनि प्रचारकले प्रार्थना गरे, "परमेश्वर पिता तपाईंको वचनको निम्ति धन्यवाद। तपाईलाई पछ्याउन हामीलाई सहयोग गर्नुहोस्। आमेन।"

सोलोमनले बाइबल अध्ययन मन पराए। उनले येशूको बारेमा नयाँ चित्रण थाहा पाएको अनुभव गरे।

वर्ष वित्दै जाँदा सोलोमनले येशूप्रति मोहित हुन थाले र अरू बाइबल अध्ययनहरूमा सरिक भए। प्रत्येक बाइबल अध्ययनमा एउटै ढाँचा थियो। समूहले छोटो प्रार्थना गरेर बाइबल अध्ययन सुरु गर्दथ्यो। अनि दुई जनाले एउटै कथा पढ्थे र तेस्रोले त्यस कथाको बारेमा आफ्नै शब्दमा सुनाउँथे। अनि तिनीहरूले केही नयाँ कुरो सिके कि वा कुनै कुराबाट तिनीहरूलाई अचम्म मानेका थिए कि वा तिनीहरूले कुनै कुरो बुझ्न प्रयास गरिरहेका थिए कि। तिनीहरूले कथामा के छ जसबाट कसैले अनुसरण गर्न सकिन्छ र हप्तामा त्यसबाट अरूहरूलाई सुनाउन उनले चुनौती दिए। अन्तमा उनले वा कसैले प्रार्थना गरेर अध्ययन समयलाई टुङ्ग्याउँथ्यो।

डिस्कभरी बाइबल अध्ययन कार्यक्रम प्रचारकले प्रयोग गरिरहेको सोलोमनले थाहा पाए। यो साउथ पासिफिक डिभिजनबाट निकालेको थियो। उनले यो पनि थाहा पाएकी उनको सेतो बाइबल साउथ पासिफिक डिभिजनबाट आएको थियो। त्यस डिभिजनले युवायुवतीहरूलाई दुई लाख

बाइबल वितरण गर्ने कार्यक्रम रहेको पनि सोलोमनले थाहा पाए। आखिरमा उनले संसारलाई परिवर्तन गर्ने बाइबलको अर्थ बुझे। संसारलाई परिवर्तन गर्ने येशूका भक्त भनेर पनि उनले थाहा पाए। येशूका चेलाहरू जस्तै अरूहरू पनि जीवन बिताएको र अरूहरूलाई चेला बनाओस् भनेर येशूको चाहना भएको उनले सिके।

बाइबल अध्ययन गरेको एक वर्षपछि आफू पनि संसारलाई परिवर्तन गर्न चाहेको सोलोमनले निर्णय गरे। उनले मर्कूस १मा बताएको अनुसार येशूको अनुसरण गरेर बप्तिस्मा लिए।

आज सोलोमन २६ वर्षको छ र दश कक्षामा पढ्छन्। उनले उनको गाउँमा नयाँ एडभेन्टिस्ट चर्चको निर्माण गर्न युवाहरूको समूहलाई नेतृत्व गरिरहेको छ। उनले सुसमाचार प्रचारकले जस्तै आफ्नो वर्ल्ड चेन्जरस् बाइबल प्रयोग गरेर आफ्नो परिवार र अरू गाउँमा मानिसहरूलाई बाइबल अध्ययन दिँदैछन्।

"अब म एडभेन्टिस्ट भएँ। मेरो परिवारका अरू सदस्यहरू पनि परमेश्वरको चर्चमा सामेल भएको मेरो ठूलो चाहना छ," उनले बताए।

-आन्द्र्यु मेकचेस्ने।